# वलेफी हाइड्रोपावर लिमिटेडको
## बाह्रौं वार्षिक साधारण सभा

यस **वलेफी हाइड्रोपावर लिमिटेडको** सञ्चालक समितिका अध्यक्ष **श्री उमेश कसजु** ज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरीयो ।

**१. सभा भएको स्थान मिति र समय :-**

वार्षिक साधारण सभा हुने स्थान :- आम्रपालि ब्याङ्क्वेट, नक्साल भाटभटेनी नजिकै, काठमाण्डौं ।
मिति :- २०८० साल माघ महिना १० गते बिहिबार
समय :- बिहानको ११:०० बजे

**२. सभाको सूचना :-**

यस कम्पनीको मिति २०८०/०९/१३ गते बसेको संचालक समितिको निर्णय अनुसार सभा हुने स्थान, मिति, समय र वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०८०/०९/१६ र मिति २०८०/०९/२५ गतेको नयाँ प्रत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्बन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

**३. गणपूरक संख्या :-**

कूल शेयर संख्याको उपस्थिति प्रतिशत :- ५९.४९ प्रतिशत
माथि उल्लेख भए अनुसारको कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ अनुसार गणपूरक संख्याको लागि पर्याप्त छ ।

**छलफलका विषयहरु :-**

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको पुर्नगठन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

निम्न विषयका सम्बन्धमा प्रबन्ध-पत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

१) कम्पनीको ठेगाना परिवर्तन गर्नु पर्ने भएकोले यस कम्पनीको हाल भैरहेको प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।

२) कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने साधारण सभाको निर्णय बमोजिम विद्युत नियमन आयोगबाट सहमती प्राप्ती पश्चात अनुमोदन तथा पारित गर्ने तथा संस्थापक शेयरधनीहरुबाट शेयर वापतको एड्भान्स रकम उठाउने साथै नियमनकारी निकायहरुबाट कुनै

Balephi Hydropower Ltd. 2012

संसोधन तथा निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) हकप्रद शेयर जारी पश्चात प्राप्त पूँजीको उपयोग गर्ने सम्बन्धमा ।

४) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन र हकप्रद शेयर सम्बन्धी पारित प्रस्ताव नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु पर्ने भएमा सो कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने सम्बन्धमा ।

**४. उपस्थिती सञ्चालज्युहरु (कम्पनी ऐन २०६३ को दफा ६८ र ६८ को उपदफा २ बमोजिम**

| | | | |
|---|---|---|---|
| १. | श्री उमेश कसजु | – | अध्यक्ष |
| २. | श्री सुलभ अग्रवाल | – | सञ्चालक |
| ३. | श्री सन्दीप कुमार शारडा | – | सञ्चालक |
| ४. | श्री शक्ति कुमार गोल्याण | – | सञ्चालक |
| ५. | श्री सुशिल गुप्ता | – | सञ्चालक |
| ६. | श्री सुशान्त प्रधानाङ्ग | – | सर्वसाधारण सञ्चालक |
| ७. | श्री प्रकाश काफ्ले | – | स्वतन्त्र सञ्चालक |

**५.उपस्थित शेयरधनी, गणपुरक संख्या तथा प्रतिशत :**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | जम्मा उपस्थित शेयरधनी संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| शेयरधनीहरु | १३९८९२ | ६३ | ६३ | ०.०४% |
| शेयर संख्या | १८२७९७०० | १०८७५८६६ | १०८७५८६६ | ५९.४९% |

**६.सभाको वैधानिकता र सभाको सभापतित्वः**

कम्पनी सचिवले बाह्रौं वार्षिक साधारण सभाको सूचना प्रकाशन सम्बन्धी जानकारी दिँदै कम्पनी ऐन २०६३ एवं कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम सभा संचालनको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानूनको परिपालना भई सोही ऐनको दफा ६९ बमोजिम सभाको वैधानिकता भएकोले सभाको अध्यक्षता गर्दै सभा संचालनका लागि संचालक समितिका अध्यक्ष **श्री उमेश कसजु**ज्यूलाई सभा शुरु गर्न अनुरोध गरीयो ।

**७. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती :**

क) सभाध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले कम्पनीका सञ्चालकज्युहरुलाई आसन ग्रहण गराउनु भयो । आसन ग्रहण पश्चात अध्यक्ष **श्री उमेश कसजु**ज्यले स्वागत मन्तव्य व्यक्त गर्नु भयो ।

ख) सभाको विषय सूचि बमोजिम अध्यक्षज्युले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गर्नु भयो ।

Balephi Hydropower Ltd. 2012

त्यसपछि अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०७९/२०८० को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तव्यका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो र निम्न शेयरधनी महानुभानवहरुले आफ्नो जिज्ञासा, सुझाव तथा मन्तव्य राख्नु भयो ।

१) श्री डमरुबल्लभ घिमिरे
२) श्री उत्तम पाठक

**८) छलफल क्रममा व्यक्त भएका सुझाव तथा मन्तव्यको सारांश :**

- बाह्रौं वार्षिक साधारण सभा समयभित्रै गर्न सफल भएकोमा धन्यवाद ।
- आगामी वर्ष पनि यसै गरी समय भित्रै वार्षिक साधारण सभा गर्न प्रयास होस् ।
- वार्षिक प्रतिवेदनको किताब अगाडी नै बाढिए राम्रो ।
- सामान्य तथा विशेष प्रस्ताव समर्थन ।
- बाह्रौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

शेयरधनीहरुबाट जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त भै सकेपछी सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिका अध्यक्ष **श्री उमेश कसजु** ज्यूले सो जिज्ञासा र सुझावहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै समष्टिगत रुपमा जवाफ दिनु भयो ।

अध्यक्षज्युले सभामा उठेको प्रश्न, जिज्ञासा तथा सुझावहरुको जवाफ दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

**९) सभाका निर्णयहरु**

**(क) सामान्य प्रस्ताव :**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल हुँदा यस **वलेफी हाइड्रोपावर लिमिटेडको** बाह्रौ वार्षिक साधारण सभाको स्वागत मन्तव्य सहित कम्पनीको आथिक वर्ष २०७९/०८० मा कम्पनीले गरी आएका कार्य विवरणका साथै कम्पनीका भावी कार्यक्रम समेतको वार्षिक प्रतिवेदन संचालक समितिका अध्यक्ष **श्री उमेश कसजु**ज्यूले प्रस्तुत गर्नु भयो । यसरी कम्पनीको आर्थिक, भौतिक एवं कर्मचारी समेतको अवस्थाको बारेमा विस्तृत जानकारी गराउनु भई आगामी लक्ष्य समेत प्रकाश पार्नु भए पश्चात अध्यक्षज्यूको प्रतिवेदनलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीको लेखा परिक्षक ए.पी.एम. एण्ड एसोसिएट्सका तर्फबाट अंकित तायलले तयार गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसूचिहरु पेश भएकोमा शेयरहोल्डर प्रतिनिधि महानुभावज्यूहरुबाट सभामा विस्तृत छलफल गरी आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने निर्णय भयो । साथै उक्त कार्यको लागि लेखा परिक्षकज्यूलाई धन्यवाद दिने निर्णय भयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल हुँदा यस कम्पनी को आर्थिक वर्ष ०८०/०८१ को लागि वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको अनुसूचीहरुको लेखा परिक्षण प्रतिवेदन तयार गर्न लेखा परिक्षक ए.पी.एम.एण्ड एसोसिएट्सलाई लेखा परिक्षक नियूक्त गर्ने निर्णय भयो । निजको पारिश्रमीक ५००,०००/- मु.अ.कर बाहेक दिने निर्णय भयो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ अन्तर्गत सञ्चालक समिति पुर्नगठन सम्बन्धमा छलफल हुँदा हालका सञ्चालक समितिलाई नै निरन्तरता दिने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव**

**निर्णय नं. १**

यस कम्पनीको रजिष्टर्ड कार्यालय संशोधन गर्नु पर्ने भएकाले कम्पनीको हाल भइरहेको प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गरी संशोधित दफाको २/२ प्रति मस्यौदा तयार गर्ने र उक्त संशोधित नियम स्वीकृति तथा अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा पठाउने निर्णय गरियो ।

**दफा २.** **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा वडा नं.१ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।

**नियम २.** **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा वडा नं.१ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल हुँदा संचालक समितिले प्रस्ताव गरी कम्पनीको साधारण सभामा पेश गर्न विद्युत नियमन आयोगबाट प्रस्ताव स्विकृत भए बमोजिम कम्पनीको हाल चुक्ता शेयरपूँजी रु.१,८२,७९,७०,०००। (अक्षरुपी एक अर्ब बयासी करोड उनान्असि लाख सत्तरी हजार मात्र ) को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ उपर छलफल गर्दा यस कम्पनीले निष्काशन गर्ने १:१ को अनुपातमा हकप्रद शेयरबाट संकलन हुने रकम निम्नानुसार उपयोग गरिने कुराको निर्णय गरियो ।

**अ.** बैंक ऋण कम गर्न ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल हुँदा कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संसोधन र हकप्रद शेयर सम्बन्धी पारित नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नुपर्ने भएमा र यस सम्बन्धमा कुनै निर्णय तथा कामहरु गर्नुपरेमा सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ उपर छलफल गर्दा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने निर्णय गरियो र यस सम्बन्धमा कुनै निर्णय तथा कामहरु गर्नुपरेमा सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**ग) विविध**

अन्त्यमा, सभाका सभापतिले साधारण सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा साधारण सभा सम्पन्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै बाह्रौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

# वलेफी हाईड्रोपावर लि.को

## प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा थप संशोधन गर्ने सम्बन्धी

दफा २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा वडा नं. १ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।

नियम २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा वडा नं.१ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।

★ Balephi Hydropower Ltd. ★ 2012

# वलेफी हाईड्रोपावर लि.को

## प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा थप संशोधन गर्ने सम्बन्धी तीन महले विवरण

| सावि‌कको व्यवस्था | शंसोधन व्यवस्था | संसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| दफा २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. २ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।<br><br>नियम २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. २ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ । | दफा २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं. १ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।<br><br>नियम २. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं. १ मा रहने छ । कार्यालयको स्वीकृति लिई कम्पनीको आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ । | कम्पनीको ठेगाना परिवर्तन गर्नु पर्ने भएकोले |

Balephi Hydropower Ltd. ★ 2012 ★